# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०८।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी भीमबहादुर खत्रीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट

प्रतिवादीहरु **भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाका कार्यालय प्रमुख भीमबहादुर खत्री र ना.सु.रूद्रसेन साहु** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कसूरमा जग्गाको न्यूनतम मूल्याङ्कित रकम रू.५४,८०,७५९।- बिगो कायम गरी निजहरू उपर ऐ. ऐनको दफा ८(१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो समेत असुल हुन,

प्रतिवादीहरु **जि. बर्दिया, बढैयाताल गाउँपालिका-६ बस्ने सैजाद अलि तेली र जैनव तेलीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय खण्ड (ज) बमोजिमको कसूरको मतियार भई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेकोले निजहरूलाई ऐ. ऐनको दफा ८(१) बमोजिम हुने सजायमा बिगो रू.५४,८०,७५९।- कायम गरी ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम मुख्य कसूरदार सरह कैद तथा बिगो बमोजिम जरिबानाको सजाय हुन।साथै जग्गाहरू सोही ऐनको दफा ४७ बमोजिम जफत गरी मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ बमोजिम सम्बन्धित स्थानीय तहको नाममा हक कायम हुन,

प्रतिवादी **बढैयाताल गाउँपालिका-६ का वडाध्यक्ष रामहरष थारुलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८(१) को कसूरमा सहयोग गरेको देखिएकोले निज उपर ऐ. ऐनको दफा २२ बमोजिम मतियारको रूपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) ले हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुन,

प्रतिवादी **बाँसगढी नगरपालिका-८, बर्दिया बस्ने अञ्जना दाहाललाई** निजको नाममा रहेको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी सम्बन्धित स्थानीय तहको नाममा हक हस्तान्तरण हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८१।०३।११ को फैसलाबाट सफाई दिएको-:

क. उक्त निर्णय उपर वादीले प्रश्न उठाउन नसकेको र निर्णयकर्ता उपर मुद्दा दायर नगरेको भन्ने देखिन्छ। न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्धन्यायिक क्षेत्राधिकार प्रयोग गरी गरेको निर्णय उपर सम्बन्धित पक्ष/निकायले पुनरावेदन गर्नु पर्ने कानूनी व्यवस्था रहे भएको सन्दर्भमा त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रुटि सच्याउन वा सोको परीक्षण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई क्षेत्राधिकार रहेको देखिँदैन।

ख. सैजाद अलि तेलीले नामसारीको निवेदन दिएकोमा मालपोत कार्यालयबाट मिति २०७०।४।२८ गते तामेलीमा राखे निर्णय भएको। भूमिसुधार तथा मालपोत कार्यालयको मिति २०७७।१२।३ को नामसारी हालसाबिक निर्णय र स्थलगत सर्जमिन मुचुल्काले आरोप दाबी नै खण्डित हुन पुगेको देखिएको।उक्त निर्णय बदर नभई कायमै रहेको र सो निर्णयउपर सम्बन्धित पक्षबाट मालपोत ऐन, २०३४ को दफा ३१ मा बमोजिम पुनरावेदन गर्ने अधिकार प्रयोग नगरी उक्त निर्णय स्वीकार गरी बसेको देखिएको।

ग. साविक मुलुकी ऐन, २०२० को अपुतालीको महलको ११नं. अनुसार उल्लिखित जग्गाको अपुताली प्रतिवादी जैनव तेलीलाई नै पर्ने देखिँदा मालपोत कार्यालयको निर्णय कानून विपरीत नरहेको; मुलुकी ऐन, २०२०, मालपोत ऐन, २०३४ र प्रचलित जग्गा प्रशासन कार्यविधि बमोजिम उल्लिखित फैसला र निर्णय भएको पाइएको। उल्लिखित

अपुताली हक कायमसँग सम्बन्धित दाबी देवानी कार्यविधि बमोजिम हेरिने विषय रहे भएको देखिएको तथा प्रतिवादी भीमबहादुर खत्रीले नेपाल सरकारको नाममा नआएको जग्गाको नामसारी हाल साविक गर्ने निर्णय गर्दा नेपाल सरकारलाई हानि वा आफूलाई गैरकानूनी लाभ लिने बदनियत रहेको नदेखिँदा प्रतिवादीहरू उपरको आरोप दाबी पुष्टि हुन नसकी सबै प्रतिवादीहरूले सफाइ पाउने।

घ. उल्लिखित जग्गा नामसारी दर्तामा दाबी बिरोध सूचनाको आह्वान, स्थानीय सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस, जिल्ला प्रशासन कार्यालयको फैसला र बिभागीय स्वीकृतिलगायत नियमानुसारका कानूनी प्रक्रियाको अवलम्बन गरेको देखिंदा बदनियत पूर्वक जग्गा नामसारी दर्ता गरेको पुष्टि हुन

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०७ मा पुनरावेदन गरिएको छः-

<u>देहायः</u>

क. **कानूनी हकवाला नभएकोले** मुलकी ऐन, २०२० तथा मुलुकी देवानी संहिता, २०७४ बमोजिम चिरकु तेलीको अपुताली सम्पत्ति सम्बन्धित स्थानीय तहको नाउँमा नामसारी हुने गरी भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाले निर्णय गर्नुपर्नेमा सो बमोजिम नगरेको, हदम्यादसमेत नभएको अबस्थामा उक्त जग्गाहरू बदनियतसाथ कानून विपरीत हकवाला कायम हुन नसक्ने ब्यक्तिको नाममा नामसारी हालसाविक हुने निर्णय गर्ने प्रतिवादीहरू **भीमबहादुर खत्री र रूद्रसेन साहु** तथा उक्त जग्गा आफ्नो नाउँमा नामसारी गर्न निवेदन दिने, गैरकानूनी प्रमाण जुटाउने एवं गैरकानूनी तवरले आफ्नो नाममा नामसारी गराउने कार्यमा मतियारको भूमिकामा रहेका प्रतिवादीहरू **सैजाद अलि तेली र जैनव तेली** तथा गलत सिफारिस गर्ने वडाध्यक्ष प्रतिवादी **रामहरष थारू** एवम् उक्त जग्गा खरिद बिक्री गर्ने प्रतिवादी **अञ्जना दाहाल** समेतको मिलेमतोमा यो वारदात भएकोमा विवाद नरहेको।चिरकु तेलीको अपुताली खुला भई उक्त अपुताली प्राप्त गर्ने हकवाला नभएको अवस्थामा कानून बमोजिम सम्बन्धित स्थानीय तहको नाममा नामसारी भई जानुपर्ने जग्गा हकवाला हुन नसक्ने ब्यक्तिलाई हकवाला कायम गरी अपुताली हक हस्तान्तरण, नामसारी हालसाविक गरी भ्रष्टाचार गरेको पुष्टि भएको।

ख. मुलुकी ऐन, २०२० को अपुतालीको महलको २० नं. बमोजिम अपुताली परेको तीन वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था र मुलुकी देवानी संहिता ऐन, २०७४ को अपुताली सम्बन्धी व्यवस्थाको दफा २५० मा पनि अपुताली खुल्ला भएको मितिले ३ वर्ष भित्र नालिस गर्न सकिने भनी स्पष्ट हदम्याद तोकिएकोमा सो ब्यवस्था समेतको विपरीत २०४३ सालमा मृत्यु भएका जग्गाधनी चिरकु तेलीको अपुताली २०७५ सालमा ३२ वर्षपछि दावी लिएको विषयमा समेत नामसारी हालसाविक गर्ने गरी निर्णय भएको।मुलकी ऐन, २०२० को अपुतालीको महलको १ नं.,२ र ३ तथा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ ले अपुताली प्राप्त गर्ने हकवालाको सूचीमा यी निवेदक र जग्गा प्राप्त गर्ने ब्यक्ति जैनव तेली तथा सैजाद अलि तेली पर्ने अवस्था नदेखिएकोमा भूमिसुधार तथा मालपोत कार्यालय बर्दियाबाट अपुताली प्राप्त गर्न मिल्ने भनी निर्णय भएको देखिएको। निज जैनब तेलीलाई चिरकु तेलीको अपुताली जग्गा हस्तान्तरण गर्दा साविक मुलुकी ऐन र अपुतालीको महलमा रहेको ब्यवस्थाको पूर्ण बेवास्ता गर्नुको साथै कायम कानुनी ब्यवस्था बमोजिम नेपाल सरकारको कुनै स्वीकृति लिएको समेत नदेखिएको।

ग. चिरकु तेलीको नाममा जिल्ला बर्दिया मैनापोखर १ कित्ता नं. १०१ र ४९३ को जग्गा जिल्ला प्रशासन कार्यालयको च.नं. १९७५, मिति २०७१/०९/०९ को पत्रबाट रोक्का राखिएकोमा सोको फुकुवा गर्न मिल्ने नमिल्ने सम्बन्धमा भूमिसुधार तथा मालपोत कार्यालयबाट जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्दा जिल्ला प्रशासन कार्यालयबाट सो सम्बन्धमा सत्य तथ्य बुझी प्रचलित कानून बमोजिम गर्नू भनी लेखिएको पत्रलाई फुकुवाको अर्थ लगाई जग्गा फुकुवा गरी हक हस्तान्तरण गरेको त्रुटिपूर्ण रहेको।

घ. चिरकु तेलीको नाउँमा २०४३ साल अघि २ बिगाह ६ कट्ठा जग्गा रहेकोमा निजको २०४३ सालमा मृत्यु भई निजको हक खाने कानूनी हकवाला कोही नभएको, चिरकु तेलीको श्रीमती पोइला गएको, जायजन्म नभएको, चिरकु तेलीको एकाघरकी वहिनी सकिना तेलीको बिबाह भारतीय नागरिकसँग भएको र निजको पनि २०५३ सालमा निधन भएका कारण स्व. चिरकु तेलीका नाममा रहेका जग्गाहरू श्री ५ को सरकारको नाममा कायम

गरिपाऊँ भनी मैनापोखर गा.वि.स. वडा नं. १ बस्ने केशबहादुर कामी समेतले जिल्ला प्रशासन कार्यालय, बर्दियामा उजुरी दर्ता गरेकोमा उक्त मुद्दाको कारबाहीको सिलसिलामा जिल्ला प्रशासन कार्यालयले मिति २०५९/१२/२३ गते हकदावी सम्बन्धी ९० दिने सूचना प्रकाशन गरेको। प्रकाशित सुचनाको हदम्याद भित्र मिति २०६०/३/१० गते जिल्ला प्रशासन कार्यालय, बर्दियामा चिरकु तेलीकी भान्जी (सकिना तेलीको छोरी) जैनव तेली उपस्थित भई हकदावी लिएको देखिएको। भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाका प्रमुख भीमबहादुर खत्री तथा ना.सु. रूद्रसेन साहुले मिति २०७७/१२/३ मा चिरकु तेलीको नाममा रहेको उक्त जग्गाहरू भान्जी जैनव तेलीको नाममा नामसारी तथा हालसाविक गरिदिने निर्णय गरेको देखिएको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | भीमबहादुर खत्री, रुद्रसेन साहु, सैजाद अली तेली, जैनव तेली, रामहरष थारु र अन्जना दाहाल<br>०७९-CR-००३९<br><br>फैसला मिति<br>२०८१।३।११ | गैरकानुनी लाभ हानि गरी भ्रष्टाचार गरेको। | क) **भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाका कार्यालय प्रमुख भीमबहादुर खत्री र ना.सु.रूद्रसेन साहु** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कसूरमा जग्गाको न्यूनतम मूल्याङ्कित रकम रू.५४,८०,७५९।- बिगो कायम गरी निज प्रतिवादीहरू उपर ऐ. ऐनको दफा ८(१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी निज प्रतिवादीहरूबाटै उक्त बिगो समेत असुल उपर गरिपाऊँ।<br>ख) **जि. बर्दिया, बढैयाताल गाउँपालिका-६ बस्ने सैजाद अलि तेली र जैनव तेली-** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय खण्ड (ज) बमोजिमको कसूरको मतियार भई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेकोले निजहरूलाई ऐ. ऐनको दफा ८(१) बमोजिम हुने सजायमा बिगो रू.५४,८०,७५९।- कायम गरी ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम मुख्य कसूरदार सरह कैद तथा | ङ. जिल्ला प्रशासन कार्यालय, बर्दियाका प्रमुख जिल्ला अधिकारी रामकृष्ण सुवेदीले मिति २०६८।९।२६ गते फैसला गरेकोमा उक्त निर्णय उपर वादीले प्रश्न उठाउन नसकेको र निर्णयकर्ता उपर मुद्दा दायर नगरेको भन्ने देखिन्छ। न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्धन्यायिक क्षेत्राधिकार प्रयोग गरी गरेको निर्णय उपर सम्बन्धित पक्ष/निकायले पुनरावेदन गर्नु पर्ने कानूनी व्यवस्था रहे भएको सन्दर्भमा त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रुटि सच्याउन वा सोको परीक्षण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई क्षेत्राधिकार रहेको देखिँदैन।[1]<br>च. **सैजाद अलि तेली**ले नामसारीको निवेदन दिएको भए तापनि सेवाटहल र काजकिरिया गर्ने जैनव तेलीको निवेदन परेको नदेखिँदा नामसारी तर्फ रीतपूर्वक निवेदन परेका बखत कानून बमोजिम कारवाही हुने गरी मिसिल तामेलीमा राखिदिने भनी तत्कालीन मालपोत कार्यालयबाट मिति २०७०।४।२८ गते तामेलीमा राख्ने निर्णय भएको। वादीले प्रमाणको रूपमा पेस गरेको भूमिसुधार तथा मालपोत कार्यालयको मिति २०७७।१२।३ को नामसारी हालसाबिक निर्णय र स्थलगत सर्जमिन मुचुल्काले आरोप दाबी नै खण्डित हुन पुगेको देखिन्छ। उक्त निर्णय बदर नभई कायमै रहेको र सो निर्णयउपर सम्बन्धित पक्षबाट मालपोत ऐन, २०३४ को दफा ३१ मा बमोजिम पुनरावेदन गर्ने अधिकार प्रयोग नगरी उक्त निर्णय स्वीकार गरी बसेको देखिन्छ।<br>छ. सैजाद अलि तेली हकवाला रहेको र निजको नाउँमा रीतपूर्वक हक हस्तान्तरण गर्ने गरी | ङ. अपुताली सम्बन्धमा छोरा वा सन्तान भएमा त्यस्तो छोरा वा सन्तानले पाउने र सन्तान नभएको व्यक्तिको जायजेथा वा सम्पत्तिमा दावी गर्ने व्यक्ति अर्थात निःसन्तान व्यक्तिको जायजेथा निजको मृत्युपश्चात् नजिकको हकवालाको हुन्छ भन्ने कानूनी मान्यता रहेको पाइन्छ। मुलुकी ऐन, अपुतालीको महलको २ नं. को देहाय १ मा अपुताली पाउने व्यक्तिको प्राथमिकताक्रम तोकिएको र सोही नम्बरको देहाय २ मा **"दफा १ बमोजिमका हकवाला नभएमा वा भए पनि निजले अपुताली नलिएमा यस महलको अन्य नम्बरहरूको अधीनमा रही त्यस्तो अपुताली नेपाल सरकारको हुन्छ"** भन्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम मर्ने व्यक्तिको हकवाला कोही नभएमा वा भए पनि निजले अपुताली नलिएमा अपुतालीको महलको अधीनमा रही त्यस्तो अपुताली नेपाल सरकारको हुने भन्ने व्यवस्था रहेको र सोही महलको १६ नं. मा **"हकवालाले अपुताली नखाएमा मर्नेको सदगद गरी बाँकी सम्पत्ति साहु भए साहूले दामासाहीले पाउँछन्। साहू नै नभए सबै र साहू तिरी बढ्ता भए सो बढ्ता भए जति सम्पत्ति नेपाल सरकारको हुन्छ।"** भन्ने व्यवस्था रहेको पाइन्छ। सो कानूनी व्यवस्था बमोजिम मर्नेको हकवालाले निजको अपुताली नखाएमा मर्नेको सदगत गरी बाँकी रहेको सम्पत्ति साहु नभए सबै र साहु भए साहु तिरी बाँकी रहेको सम्पत्ति नेपाल सरकारको हुने भन्ने देखिन्छ। त्यसै गरी सोही महलको ३ नं. मा **"भिन्न भै बसेका लोग्ने स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराका छोरा वा निजको अविवाहिता छोरीले हेरचाह नगरी विवाहिता छोरी वा छोरी ज्वाइँ वा त्यस्ता छोरी ज्वाइँका छोरा वा अविवाहिता छोरीले स्याहार सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासु, ससुरा वा बाजे, बज्यैको अपुताली पाल्ने विवाहिता छोरी, छोरी ज्वाइँ वा नाति नातिनाले पाउँछन्। अरू हकवालाले पाउँदैनन्।"** भन्ने व्यवस्था गरी नजिकको व्यक्तिले हेरचाह नगरी टाढाका कुनै हकवाला, अन्य व्यक्ति वा संस्थाले हेरचाह गरेको रहेछ भने त्यस्तो टाढाको हकवाला, अन्य व्यक्ति वा संस्थाले पाउने भन्ने व्यवस्था गरेको पाइन्छ। हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ११ मा गरिएको अपुताली सम्बन्धी व्यवस्थामा दफा २४८ मा अपुतालीको सम्पत्ति स्थानीय तहको हुने भन्ने व्यवस्था रहेको पाइन्छ। कुनै व्यक्ति वा संस्थाले आफ्नो चल वा अचल सम्पत्तिका रूपमा वा मूर्त, अमूर्त, दृश्य, अदृश्य उपभोग गर्ने, खरीद, विक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोबार गर्ने वा कुनै लाभ प्राप्त गर्ने अधिकार पाएको हुन्छ। सम्पत्तिभित्र खरीद, विक्री वा अन्य तवरले सम्पत्ति प्राप्त गरेमा सो सम्पत्तिमा निजले आफ्नो सम्पत्ति उपभोग गर्ने, विक्री वा अन्य तवरले कसैलाई हक हस्तान्तरण गर्ने, कुनै किसिमले धितो वा बन्धकी राख्ने, कुनै कारोबार गर्ने, जुनसुकै किसिमबाट फाइदा लिने, आफ्नो जग्गाजमीनमा कुनै किसिमको भौतिक संरचना निर्माण गर्न आदि अधिकार रहेको हुन्छ। मुलुकी देवानी संहिता, २०७४ ले सम्पत्तिको हस्तान्तरण तथा प्राप्तिसम्बन्धी छुट्टाछुट्टै व्यवस्था गरेको छ। देवानी संहितामा भएको मुख्य व्यवस्था यस्तो प्रकार रहेको पाइन्छ।<br><br>**शेषपछि हक प्राप्त हुने सम्पत्ति छ महीनामित्र नामसारी गर्न पर्ने**<br>कसैले आफ्नो सम्पत्ति शेषपछि हक हुने गरी कुनै व्यक्तिलाई हस्तान्तरण गरेकोमा र सो सम्पत्ति हस्तान्तरण गर्ने व्यक्तिको मृत्यु भएको निजको मृत्यु भएको मितिले ६ महीनाभित्र सम्पत्ति पाउने व्यक्तिले त्यस्तो सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गर्नुपर्ने व्यवस्था रहेको छ। सोका लागि मृत्यु दर्ताको प्रमाणपत्रलगायत अन्य प्रमाणसहित सम्बद्ध कार्यालयमा निवेदन दिनुपर्नेछ। (मुलुकी देवानी संहिताका ४२९(१) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिगो बमोजिम जरिवानाको सजाय गरिपाऊँ। साथै बदनियत पूर्वक गलत नियतले जैनव तेलीका नाममा अस्थायी निस्सा कायम गरी सैजाद अलि तेलिका नाममा नामसारी हालसाविक भएको उल्लिखित बढैयाताल गाउँपालिका वडा नं. ६ को कित्ता नं. ३१४, ७४४, ७३२, ६१२, ६३६, १९५०/१९९१ का जग्गाहरू सोही ऐनको दफा ४७ बमोजिम जफत गरी मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ बमोजिम सम्बन्धित स्थानीय तहको नाममा हक कायम गरिपाऊँ।<br>ग) **बढैयाताल गाउँपालिका-६ का वडाध्यक्ष रामहरष थारु-** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८(१) को कसूरमा सहयोग गरेको देखिएकोले निज प्रतिवादी उपर ऐ. ऐनको दफा २२ बमोजिम मतियारको रूपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) ले हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय गरिपाऊँ।<br>घ) **बाँसगढी नगरपालिका-८, बर्दिया बस्ने अञ्जना दाहाल-** सैजाद अली तेलीसँग जग्गा खरीद बिक्री गर्ने कार्यमा | नामसारी हालसाबिक हुने भनी भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाले मिति २०७७।१२।३ मा निर्णय गरेको; साविक मुलुकी ऐन, २०२० को अपुतालीको महलको ११नं. अनुसार उल्लिखित जग्गाको अपुताली प्रतिवादी **जैनव तेली**लाई नै पर्ने देखिँदा मालपोत कार्यालयको निर्णय कानून विपरीत नरहेको; मुलुकी ऐन, २०२०, मालपोत ऐन, २०३४ र प्रचलित जग्गा प्रशासन कार्यविधि बमोजिम उल्लिखित फैसला र निर्णय भएको पाइएको। मालपोत कार्यालय, बर्दियाको निर्णयमा कानूनको प्रक्रिया, अपुतालीको हकवाला र हदम्यादको प्रश्न उठाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय खण्ड (ज) बमोजिम आरोप दाबी गरेकोमा उल्लिखित अपुताली हक कायमसँग सम्बन्धित दाबी देवानी कार्यविधि बमोजिम हेरिने विषय रहे भएको देखिएको तथा प्रतिवादी भीमबहादुर खत्रीले नेपाल सरकारको नाममा नआएको जग्गाको नामसारी हाल साविक गर्ने निर्णय गर्दा नेपाल सरकारलाई हानि वा आफूलाई गैरकानूनी लाभ लिने बदनियत रहेको नदेखिँदा प्रतिवादीहरू उपरको आरोप दाबी पुष्टि हुन नसकी सबै प्रतिवादीहरूले सफाइ पाउने।<br>ज. उल्लिखित जग्गा नामसारी दर्तामा दाबी बिरोध सूचनाको आह्वान, स्थानीय सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस, जिल्ला प्रशासन कार्यालयको फैसला र बिभागीय स्वीकृतिलगायत नियमानुसारका कानूनी प्रक्रियाको अवलम्बन गरेको देखिंदा बदनियत पूर्वक जग्गा नामसारी दर्ता गरेको पुष्टि हुन आएन। तसर्थ, भ्रष्टाचारजस्तो गम्भीर कसूरमा बदनियत र आपराधिक कार्य तत्वको सर्वथा अभाव रहेको देखिँदा सोही ऐनको दफा २२ को मतियारको र ऐ. दफा ४७ को जग्गा जफतको कसूरसमेत | **विदेशीलाई अंश वा अपुताली प्राप्त भएमा हस्तान्तरण गर्नुपर्ने**<br>कुनै विदेशीलाई नेपालभित्रको कुनै अचल सम्पत्ति अंश वा अपुताली प्राप्त भएमा नेपाल सरकारको स्वीकृति भएकोमा बाहेक सो सम्पत्ति निजको नाममा नामसारी, दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न पाउँदैन तर, गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा यो व्यवस्था लागू नहुने व्यवस्था गरेको छ। विदेशीलाई कुनै अंश वा अपुताली प्राप्त भएमा त्यस्तो विदेशीले त्यस्तो सम्पत्ति कुनै प्रकारले नेपाली नागरिकलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। विदेशीको नाममा प्राप्त अंश वा अपुतालीको सम्पत्तिमध्ये अंशको हकमा जहिलेसुकै पनि र अपुतालीको हकमा त्यस्तो प्राप्तिको ३ वर्षभित्र नेपाली नागरिकलाई हस्तान्तरण नगरेमा सो म्याद नाघेपछि त्यस्तो सम्पत्तिउपर नेपाल सरकारको हक हुने व्यवस्था गरेको छ। (मुलुकी देवानी संहिताका ४३३(१)(२)(३)।<br>च. **कानूनी हकवाला नभएकोले** मुलकी ऐन, २०२० तथा मुलुकी देवानी संहिता, २०७४ बमोजिम चिरकु तेलीको अपुताली सम्पत्ति सम्बन्धित स्थानीय तहको नाउँमा नामसारी हुने गरी भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाले निर्णय गर्नुपर्नेमा सो बमोजिम नगरेको, हदम्यादसमेत नभएको अबस्थामा उक्त जग्गाहरू बदनियतसाथ कानून विपरीत हकवाला कायम हुन नसक्ने ब्यक्तिको नाममा नामसारी हालसाविक हुने निर्णय गर्ने प्रतिवादीहरू **भीमबहादुर खत्री र रूद्रसेन साहु** तथा उक्त जग्गा आफ्नो नाउँमा नामसारी गर्न निवेदन दिने, गैरकानूनी प्रमाण जुटाउने एवम् गैरकानूनी तवरले आफ्नो नाममा नामसारी गराउने कार्यमा मतियारको भूमिकामा रहेका प्रतिवादीहरू **सैजाद अलि तेली र जैनव तेली** तथा गलत सिफारिस गर्ने वडाध्यक्ष प्रतिवादी **रामहरष थारू** एवम् उक्त जग्गा खरिद बिक्री गर्ने प्रतिवादी **अञ्जना दाहाल** समेतको मिलेमतोमा यो वारदात भएकोमा विवाद छैन। चिरकु तेलीको अपुताली खुला भई उक्त अपुताली प्राप्त गर्ने हकवाला नभएको अवस्थामा कानून बमोजिम सम्बन्धित स्थानीय तहको नाममा नामसारी भई जानुपर्ने जग्गा हकवाला हुन नसक्ने ब्यक्तिलाई हकवाला कायम गरी अपुताली हक हस्तान्तरण, नामसारी हालसाविक गरी भ्रष्टाचार गरेको पुष्टि भएको पाइन्छ।<br>छ. मुलुकी ऐन, २०२० को अपुतालीको महलको २० नं. बमोजिम अपुताली परेको तीन वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था र मुलुकी देवानी संहिता ऐन, २०७४ को अपुताली सम्बन्धी व्यवस्थाको दफा २५० मा पनि अपुताली खुल्ला भएको मितिले ३ वर्ष भित्र नालिस गर्न सकिने भनी स्पष्ट हदम्याद तोकिएकोमा सो व्यवस्था समेतको विपरीत २०४३ सालमा मृत्यु भएका जग्गाधनी चिरकु तेलीको अपुताली २०७५ सालमा ३२ वर्षपछि दावी लिएको विषयमा समेत नामसारी हालसाविक गर्ने गरी निर्णय भएको देखिन्छ। मुलकी ऐन, २०२० को अपुतालीको महलको १ नं.,२ र ३ तथा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ ले अपुताली प्राप्त गर्ने हकवालाको सूचीमा यी निवेदक र जग्गा प्राप्त गर्ने ब्यक्ति जैनव तेली तथा सैजाद अलि तेली पर्ने अवस्था नदेखिएकोमा भूमिसुधार तथा मालपोत कार्यालय बर्दियाबाट अपुताली प्राप्त गर्न मिल्ने भनी निर्णय भएको देखिन्छ। साविक अपुतालीको महल बमोजिमको हकवाला म्याद भित्र नआएमा वा पत्ता नलागेमा त्यस्तो अपुताली श्री ५ को सरकारको हुन्छ भन्ने ब्यवस्था रहेको र मुलुकी देवानी संहिताको दफा ४३२(१) मा कसैले पनि नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाउने र ४३२ (३) मा उपदफा (१) विपरीत कसैले विदेशीलाई कुनै अचल सम्पत्ति हस्तान्तरण गरेमा सो सम्बन्धी लिखत स्वत: बदर भई त्यस्तो सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था रहेको र दफा ४३३ मा कुनै विदेशीलाई नेपालभित्रको कुनै अचल सम्पत्ति अंश वा अपुताली प्राप्त भएमा नेपाल सरकारको स्वीकृति भएकोमा बाहेक सो सम्पत्ति निजको नाममा नामसारी, दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न पाउने छैन भनी उल्लेख भएको भए तापनि निज जैनब तेलीलाई चिरकु तेलीको अपुताली जग्गा हस्तान्तरण गर्दा साविक मुलुकी ऐन र अपुतालीको महलमा रहेको ब्यवस्थाको पूर्ण बेवास्ता गर्नुको साथै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संलग्न रहेको भए तापनि प्रतिवादी अन्जना दाहालले उल्लिखित जग्गा प्रतिवादी सैजाद अलि तेलीको नाममा दर्ता गर्ने क्रममा कुनै भूमिका निर्वाह गरेको नदेखिएको तर उक्त जग्गामध्ये कि.नं. १९५० को ४१४५ ब.मि. जग्गा प्रतिवादी सैजाद अलि तेलीबाट मिति २०७७/१२/९ मा प्रतिवादी अन्जना दाहालले राजिनामा पास गरी लिएको र उक्त जग्गामध्ये बढैयाताल गाउँपालिका-६ को कि.नं. १९५०/१९९१ को ४२३.३० ब.मि. जग्गा सैजाद अलि तेलीकै नाममा फिर्ता पास गरी हालसम्म पनि बढैयाताल गाउँपालिका-६ को कि.नं. १९५०/१९९२ को ३७२१.७० ब.मि. जग्गा प्रतिवादी अन्जना दाहालको नाममा देखिएको र उक्त जग्गा मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ बमोजिम स्थानीय तहको हुने देखिएको हुँदा निज प्रतिवादीको नामको उक्त जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी सम्बन्धित स्थानीय तहको नाममा हक हस्तान्तरण गरिपाऊँ। | स्थापित हुन नसक्ने।<br>झ. **अपुताली हालसाबिक नामसारी हक कायमको** दाबी देवानी प्रकृतिको रहेको र प्रचलित मालपोत ऐन, भूमि सम्बन्धी ऐन तथा जग्गा प्रशासन कार्यविधि बमोजिम निरुपण हुने बिषय रहे भएको पाइन्छ। अपुताली पर्दा मर्नेको स्याहार सम्भार नजिकको हकवालाले नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुतालीको सबै चल अचल सम्पत्ति त्यस्तो स्याहार सम्भार गर्नेले पाउँछ भनी मुलुकी ऐन, अपुतालीको महलको ११ नं.मा कानूनी व्यवस्था भएको देखिंदा अपुताली हालसाबिक नामसारी हक कायम दाबी रहेको प्रस्तुत मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिम निरुपणयोग्य बिषय रहेको देखिएन। | कायम कानुनी व्यवस्था बमोजिम नेपाल सरकारको कुनै स्वीकृति लिएको समेत देखिँदैन।<br>ज. चिरकु तेलीको नाममा जिल्ला बर्दिया मैनापोखर १ कित्ता नं. १०१ र ४९३ को जग्गा जिल्ला प्रशासन कार्यालयको च.नं. १९७५, मिति २०७१/०९/०९ को पत्रबाट रोक्का राखिएकोमा सोको फुकुवा गर्न मिल्ने नमिल्ने सम्बन्धमा भूमिसुधार तथा मालपोत कार्यालयबाट जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्दा जिल्ला प्रशासन कार्यालयबाट सो सम्बन्धमा सत्य तथ्य बुझी प्रचलित कानून बमोजिम गर्नू भनी लेखिएको पत्रलाई फुकुवाको अर्थ लगाई जग्गा फुकुवा गरी हक हस्तान्तरण गरेको त्रुटिपूर्ण रहेको देखिन्छ। यसरी कानुन बमोजिमको कार्य नरहेको जान्दाजान्दै उक्त कार्य गर्नुले भ्रष्ट मनोवृत्तिको अर्थ गर्न मिल्ने नै हुन्छ।<br>झ. २०४३ सालमा चिरकु तेलीको मृत्यु भई मुलकी ऐन, २०२० को अपुतालीको महलको १ नं.,२ र ३ तथा मुलुकी देवानी संहिता २०७४ को दफा २३७ वमोजिम निजको अपुताली खुल्ला भई सोही संहिताको दफा २३८ र २३९ बमोजिमको हकवाला समेत नभई सोही संहिताको २३९(१) बमोजिम सो अपुताली संबन्धित स्थानीय तहको हुने गरी भुमिसुधार तथा मालपोत कार्यालय बर्दियाले सोही संहिताको दफा २३९(७) र (८) बमोजिम हुनेगरी निर्णय गर्नुपर्नेमा सो बमोजिम नगरी सोही संहिताको दफा २५० बमोजिमको हदम्याद समेत नभएको अवस्थामा सार्वजनिक हितको लागी स्थानीय तह मार्फत प्रयोग हुने उक्त जग्गाहरू बदनियत साथ कानुन् बिपरीत हकवाला कायम गरी हकवाला हुन नसक्ने व्यक्तिको नाममा नामसारी हालसाविक हुने निर्णय गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भइरहँदा पनि देवानी कार्यविधिको विषय रहेको भनी सफाइको आधार बनाइएको त्रुटिपूर्ण रहेको छ।<br>ञ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ मा भएको व्यवस्था हेर्दा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनमा लेखिएकोमा सोही वमोजिम र अरूमा प्रचलित अन्य नेपाल कानून वमोजिम हुनेछ भन्ने उल्लेख भएको पाइन्छ। उक्त व्यवस्थाबाट भ्रष्टाचार निवारण ऐनमा लेखिए जतिमा सोही ऐन वमोजिम र सोदेखि वाहेकको मा अन्य ऐन आकर्षित हुन सक्ने नै देखिन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूलाई उक्त ऐनको दफा ८(१) र दफा २२ बमोजिमको आरोप लगाइएको र निजहरूको सम्बन्धमा उक्त व्यवस्था आकर्षित हुने नै देखिन्छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट ने.का.प. २०४८, अंक ९, पृष्ठ ४७२, नि.नं. ४३५३ मा व्याख्या भएको पाइन्छ। कुनै अमुक कार्यालयले पुनरावेदनको विषय नबनाउनु वा यो आयोगले तथ्य प्रमाणको विवेचना गरी कसै उपर अभियोजन नगर्नु भनेको सफाइको आधार बन्न सक्दैन। यसैलाई आधार बनाई सफाइ दिनु भनेको सङ्कलित तथ्यको विवेचना नगर्नु हो।<br>मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ को उपदफा (१) मा कुनै व्यक्तिको अपुताली खुला भएमा र निजका हकवाला नभएमा वा भए पनि निजले त्यस्तो सम्पत्ति स्वीकार नगरेमा मृतकको सदगत तथा किरिया गर्दा लागेको खर्च कटाई र निजका साहु भए साहूको रकम भुक्तानी गर्दा पनि सम्पत्ति बाँकी रहेकोमा त्यस्तो सम्पत्ति सम्बन्धित स्थानीय तहको हुने भनी प्रष्ट व्यवस्था भएको पाइन्छ। हिन्दु कानूनी प्रणाली समेतले अंगिकार गरेको **हकवाला नभएको मृतकको सम्पत्ति राज्य वा सरकारमा सर्ने अवधारणा (doctrine of escheat) लाई मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ मा समावेश गरिसकेकोमा मृतकको हकवाला नभएको स्थितिमा निजको सम्पत्तिबाट भए साहुको रकम तिरी बाँकी रहेको जग्गा सहितको सम्पत्तिको हक तथा स्वामित्व सम्बन्धित स्थानीय तहमा सर्नेमा विवाद गरिरहनुपर्ने देखिँदैन।** चिरकु तेलीको नाउँमा २०४३ साल अघि २ बिगाह ६ कट्टा जग्गा रहेकोमा निजको २०४३ सालमा मृत्यु भई निजको हक खाने कानूनी हकवाला कोही नभएको, चिरकु तेलीको श्रीमती पोइला गएको, जायजन्म नभएको, चिरकु तेलीको एकाघरकी वहिनी सकिना तेलीको बिबाह भारतीय नागरिकसँग भएको र निजको पनि २०५३ सालमा निधन भएका कारण स्व. चिरकु तेलीका नाममा रहेका जग्गाहरू श्री ५ को सरकारको नाममा कायम गरिपाऊँ भनी मैनापोखर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गा.वि.स. वडा नं. १ बस्ने केशबहादुर कामी समेतले जिल्ला प्रशासन कार्यालय, बर्दियामा उजुरी दर्ता गरेकोमा उक्त मुद्दाको कारबाहीको सिलसिलामा जिल्ला प्रशासन कार्यालयले मिति २०५९/१२/२३ गते हकदावी सम्बन्धी ९० दिने सूचना प्रकाशन गरेको पाइन्छ। प्रकाशित सुचनाको हदम्याद भित्र मिति २०६०/३/१० गते जिल्ला प्रशासन कार्यालय, बर्दियामा चिरकु तेलीकी भान्जी (सकिना तेलीको छोरी) जैनव तेली उपस्थित भई हकदावी लिएको देखिन्छ। भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाका प्रमुख भीमबहादुर खत्री तथा ना.सु. रूद्रसेन साहुले मिति २०७७/१२/३ मा चिरकु तेलीको नाममा रहेको उक्त जग्गाहरू भान्जी जैनव तेलीको नाममा नामसारी तथा हालसाविक गरिदिने निर्णय गरेको देखिन्छ। |